सिन्धुली जिल्लाको पहिलो दैनिक

# प्रभात समाचार

PRAVAT SAMACHAR National Daily राष्ट्रिय दैनिक

बर्ष २५ अंक ३४४, २०८२ साल चैत १९ गते बिहीबार ( Apr - 02, 2026) नेपाल सम्वत ११४६ पृष्ठ ४ मूल्य रु. १०।-

## नौ महिनामा त्रियानब्बे महिला घरमै सुत्केरी

● उर्मिला दियाली



सिन्धुली १८ चैत्र / जिल्लामा नौ महिनाको अवधिमा त्रियानब्बे जना महिला घरमै सुत्केरी भएका छन् । सबैभन्दा बढी दुधौली नगरपालिकामा महिलाहरु घरमै सुत्केरी भएका छन् । दुधौलीमा नौ महिनामा २६ जना महिला घरमै सुत्केरी भएका छन् । मरिण गाउँपालिकामा, २२ जना, हरिहरपुरगढी गाउँपालिकामा १५ जना, घ्याङलेख गाउँपालिकामा १२ जना महिला घरमै सुत्केरी भएको जनस्वास्थ्य कार्यालय सिन्धुलीको तथ्यांक रहेको छ ।

यस्तै कमलामाई नगरपालिकामा ६ जना, फिक्कलमा ५ जना, तिनपाटनमा ४ जना, सुनकोशीमा २ जना र गोलञ्जोरमा एक जना महिला घरमै सुत्केरी भएको जनस्वास्थ्य कार्यालय सिन्धुलीका प्रमुख विमल पटेलले जानकारी दिए ।

उनले बुधबार सिन्धुलीमाढीमा पत्रकारहरुसँग अन्तर्क्रिया गर्दै उनले यस्तो जानकारी दिएका हुन । पटेलका अनुसार जिल्लामा घरमै सुत्केरी हुने क्रम नरोकिएको र गम्भिर समस्याका रुपमा रहेको बताएका छन् ।

उनले जिल्लामा बालविवाह पनि बढेको बताएका छन् । उनले नौ महिनामा २० वर्ष मुनीका १४९ जना महिलाले बच्चा जन्माएको बताउँदै बालविवाहको विकराल रुप रहेको जानकारी दिएका छन् । बालविवाह पनि जिल्लाभरी नै रहेको उनले बताए ।

बागमती प्रदेश स्वास्थ्य निर्देशनालय र जनस्वास्थ्य कार्यालय सिन्धुलीको आयोजनामा भएको कार्यक्रममा आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरिएको कामको जानकारी दिन गरिएको कार्यक्रममा सिन्धुली अस्पताल सिन्धुली, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय सिन्धुली र जनस्वास्थ्य कार्यालयको चालु आर्थिक वर्षको हालसम्म गरिएका कार्य प्रगतिको समिक्षा गरिएको थियो ।

जनस्वास्थ्य कार्यालयका प्रमुख बिमल पटेलको अध्यक्षतामा भएको कार्यक्रममा सिन्धुली अस्पतालका प्रमुख सुशान्त कुमार खड्काले अस्पतालद्वारा प्रदान गरिएका सेवा तथा सुविधा, हालसम्मका उपलब्धि प्रगति तथा सुधारका प्रयासहरूको विषयमा प्रशिक्षण गराएका थिए । त्यस अस्पताल प्रशासनमा भएका विद्यमान चुनौती तथा समस्याबारे पनि जानकारी गराएका थिए । यस्तै आगामी योजना तथा लक्ष्य सुधारका रणनीतिहरू, स्वास्थ्य सेवाप्रति जनविश्वास अभिवृद्धि पारदर्शिता तथा उत्तरदायित्व सुनिश्चितता र नागरिक सहभागिता तथा सहयोग अभिवृद्धि गर्न भएका प्रयासहरूको बारेमा चर्चा गरेका थिए । यस्तै आयुर्वेद तथा वैकल्पिक चिकित्सालय सिन्धुलीका प्रमुख दीपकराज तिमल्सिनाले आर्थिक वर्ष २०८२/०८३ को प्रमुख उपलब्धिहरू, यस आर्थिक वर्षमा भएका कार्यक्रमको प्रगति तथा कार्यक्रमका प्रमुख समस्या, चुनौती र समस्याको विषयमा जानकारी दिएका थिए । अन्तरक्रिया कार्यक्रमको सहजीकरण जनस्वास्थ्य कार्यालय सिन्धुलीका खोप निरीक्षक पुष्पराज पन्तले गरेका थिए ।

## मतदाता नामावली सङ्कलन हुने

● प्रभात समाचार

काठमाडौं, १८ चैत / निर्वाचन आयोगले यही चैत २२ गतेदेखि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने भएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ घोषणा भएपछि आयोगले गत मङ्सिर ६ गतेदेखि उक्त कार्य स्थगन गरेको थियो ।

राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपाली नागरिकले आफ्नो राष्ट्रिय परिचयपत्रको विवरणमार्फत मतदाता नामावलीमा अनलाइन प्रणालीबाटै नाम दर्ता गर्नसक्ने व्यवस्था मिलाइएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध नभएका नेपाली नागरिकको हकमा आयोगको आयोगको प्रणालीमार्फत अनलाइन फारम भरी आफ्नो फोटो तथा औँठाछापसहितको जैविक विवरण दिन प्रदेश-जिल्ला निर्वाचन कार्यालयमा उपस्थित हुनुपर्ने छ ।

मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने, दोहोरो नाम हटाउने, मृत्यु तथा बसाईंसराईंको विवरण अद्यावधिक गर्नेलगायतका कामसमेत अनलाइन माध्यमबाट गर्न सकिने आयोगद्वारा आज जारी विज्ञप्तिमा उल्लेख छ ।

## आजदेखि एसइई सुरु हुँदै

● प्रभात समाचार

काठमाडौं १८ चैत / आज अर्थात चैत १९ गते देखि सुरु हुने यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा एक महिनाभित्रै सार्वजनिक हुने भएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशनमा राष्ट्रिय परीक्षा बोर्डले यसको तयारी गरिरहेको छ । यसअघि परीक्षा सकिएको सामान्यतया तीन महिनाभित्र नतिजा प्रकाशन हुँदै आएको थियो ।

गत वर्ष चैत १५ गतेदेखि २७ गतेसम्म सञ्चालन भएको एसइईको नतिजा तीन महिनापछि अर्थात् असार १३ गते सार्वजनिक भएको थियो । त्यतिबेला पनि एसइई सकिनेबित्तिकै शिक्षक आन्दोलनका कारण एक महिनापछि मात्रै उत्तरपुस्तिका परीक्षण सुरु भएको थियो । त्यतिबेला पनि तीन महिनामै नतिजा सार्वजनिक भएको देखिए पनि नतिजा प्रकाशनसँग सम्बन्धित काम भने दुई महिना मात्रै भएको थियो । यस पटक भने एक महिनाभित्रै नतिजा सार्वजनिक गरिने बोर्डका सदस्यसचिव जन्नबहादुर अर्यालले बताए ।

उनका अनुसार एक महिनाभित्र नतिजा प्रकाशनका लागि परीक्षा सञ्चालन भएको केन्द्रमै उत्तरपुस्तिका परीक्षण गरिने छ । भौगोलिक विकटता र अन्य प्राविधिक जटिलता हुने ठाउँको उत्तरपुस्तिका भने अन्य केन्द्र वा वैकल्पिक ठाउँमा लगेर परीक्षण गरिने छ । यसका लागि थप कार्यविधि निर्माणको लागि मन्त्रालयमा छलफल भइरहेको छ । उनले भने, "कार्यविधि बनिरहेको छ । छिट्टै पारित भएर कार्यान्वयनमा पनि जाला । तर एक महिनामै नतिजा प्रकाशन गर्न मन्त्रालयबाट निर्देशन भइसक्यो । हामी त्यसैको तयारीमा जुटिसक्यौं ।"

चैत १९ गतेदेखि २९ गतेसम्म सञ्चालन हुने एसइईका लागि सम्पूर्ण तयारी पूरा भएको बोर्डले जनाएको छ । बोर्डका अनुसार परीक्षामा पाँच लाख १२ हजार ४२१ जना सहभागी हुने भएका छन् । बोर्डको परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) का अनुसार परीक्षामा दुई लाख ५७ हजार ६१३ जना छात्रा र दुई लाख ५४ हजार ८०१ जना छात्र सहभागी हुँदै छन् ।

## फिक्कलले चलायो बजार अनुगमन अभियान

● प्रभात समाचार

फिक्कल, १९ चैत/ फिक्कल गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका व्यापारिक प्रतिष्ठानहरूको अनुगमन कार्यलाई तीव्रता दिएको छ । उपभोक्ताको हकहित संरक्षण गर्ने तथा बजारमा गुणस्तरीय वस्तु तथा सेवाको सुनिश्चितता गर्ने उद्देश्यले गाउँपालिकाले अनुगमन अभियान सञ्चालन गरेको हो ।

गाउँपालिका उपाध्यक्ष राजु बरालको नेतृत्वमा गएको अनुगमन टोलीले वडा नम्बर ५ अन्तर्गत पर्ने सोल्पा बजारका विभिन्न पसलहरूको स्थलगत निरीक्षण गरेको थियो । उक्त क्रममा कुल ११ वटा व्यापारिक प्रतिष्ठानहरूको अनुगमन गरिएको गाउँपालिकाले जनाइएको छ । अनुगमनका क्रममा म्याद नाघेका तथा गुणस्तरहीन सामग्रीहरू फेला परेपछि करिब २० हजार रुपैयाँ बराबरका सामान बरामद गरि नष्ट गरिएको गाउँपालिका उपाध्यक्ष राजु बरालले जानकारी दिएका छन् ।

अनुगमन टोलीले पसलहरूमा मूल्यसूची टाँस गरिएको छ वा छैन, सामानहरूको म्याद, भण्डारणको अवस्था, सरसफाई तथा उपभोक्तालाई प्रदान गरिने सेवाको गुणस्तर जस्ता विषयमा ध्यान दिँदै विशेष ध्यान दिएको थियो । कतिपय पसलहरूमा नियम अनुसार मूल्य सूची नराखिएको, म्याद नाघेका खाद्य सामग्री बिक्रीका लागि राखिएको तथा सरसफाईमा लापरवाही देखिएको पाइएको थियो ।

टोलीले त्यस्ता व्यवसायीहरूलाई तत्काल सुधार गर्न निर्देशन दिएको छ भने पुनः गल्ती दोहोरिएमा कानुनी कारबाही गरिने चेतावनी पनि दिएको छ । गाउँपालिकाले बजारलाई व्यवस्थित र उपभोक्ता मैत्री बनाउन यस्ता अनुगमनलाई निरन्तरता दिने जनाएको छ ।

अनुगमनमा वडा नम्बर ५ का अध्यक्ष बैकुण्ठ लाल पहाडी, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्बरबहादुर रजन मगर, पत्रकार बिदुर पौडेल, कर्मचारी राजकुमार कार्की, नगर प्रहरी गणेश कुमार गौतम, प्रहरी सहायक निरीक्षक बोदा नारायण यादव तथा वडा सचिव ठाकुर बराल लगायतको सहभागिता रहेको थियो ।

गाउँपालिकाका पदाधिकारीहरूले बजार अनुगमनले व्यापारीहरूलाई जिम्मेवार बनाउने र उपभोक्ताहरूलाई सुरक्षित तथा गुणस्तरीय वस्तु उपलब्ध गराउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् । साथै, व्यवसायीहरूलाई नियम पालना गर्दै निष्पक्ष र पारदर्शी व्यापार गर्न आग्रह गरिएको छ ।

## पूर्वाधारका नौ काम तत्कालै

● प्रभात समाचार




काठमाडौं, १८ चैत /सरकारले मुलुकको पूर्वाधार विकासलाई गति दिन नौ वटा काम तत्काले सुरु गर्ने भएको छ । सरकारले ल्याएको 'शासकीय सुधारसम्बन्धी एक सयबुँदे कार्यसूची' मा पूर्वाधार विकासलाई गति दिन ती काम तत्कालै सुरु गर्ने उल्लेख गरिएको छ । विकास आयोजनाहरूमा हुने गरेको ढिलासुस्ती तथा दोहोरो प्रक्रिया हटाउन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट अनुगमन तथा सहजीकरण गरिने कार्यसूचीमा जनाइएको छ । सरकारले पूर्वाधार विकासलाई गति दिन सार्वजनिक खरिद ऐनलाई ३० दिनभित्र संशोधन गरी खरिद प्रक्रियालाई पूर्णतः डिजिटल, पारदर्शी तथा ट्र्याकिङयोग्य बनाउने तथा प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने कार्यसूची ल्याएको हो । यसले सार्वजनिक खरिद प्रक्रियामा हुने ढिलासुस्ती, लागत वृद्धि, गुणस्तरहीन कार्य तथा भ्रष्टाचार नियन्त्रण गर्न सहज हुने विश्वास गरिएको छ ।

त्यसै गरी राष्ट्रिय योजना आयोगले दुई महिनाभित्र मुलुकको प्राथमिकता प्राप्त आयोजनाहरूलाई गति दिन राष्ट्रिय स्तरको 'प्रोजेक्ट पाइपलाइन' तथा ती आयोजनामा लगानीसम्बन्धी विभिन्न ढाँचा ( मोडालिटी) तय गर्ने कार्यसूचीमा उल्लेख गरिएको छ । राष्ट्रिय गौरवका तथा ठुला रणनीतिक आयोजनाको निर्माणलाई शीघ्र, समयबद्ध तथा गुणस्तरीय बनाउन जग्गा प्राप्ति, मुआब्जा निर्धारण, रुख कटान तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिसम्बन्धी प्रक्रियाहरूलाई 'फास्ट ट्र्याक मेकानिजम' अन्तर्गत सञ्चालन गर्ने तथा त्यसका लागि सम्बन्धित सबै निकायबिच समन्वय गरी एकीकृत र स्वचालित स्वीकृति प्रणाली लागु गरिने छ ।

बाँकी ४ पेजमा . . .

### च्याउकोटबाट चियाउँदा



प्रभात समाचार
राष्ट्रिय दैनिक National Daily

## सम्पादकीय

### बजार अनुगमनलाई निरन्तरता देउ

फिक्कल गाउँपालिकाद्वारा हालै गरिएको बजार अनुगमन सकारात्मक र समयसापेक्ष कदम हो । उपभोक्ताको स्वास्थ्य, अधिकार र बजार अनुशासन कायम गर्न यस्ता गतिविधि अपरिहार्य छन् । विशेषगरी ग्रामीण क्षेत्रमा अनुगमनको अभावका कारण म्याद नाघेका तथा गुणस्तरहीन सामग्री बिक्री हुने जोखिम बढी रहने भएकाले यस प्रकारको पहलले बजारलाई व्यवस्थित बनाउन मद्दत पुऱ्याउँछ ।

सोल्पा बजारमा गरिएको अनुगमनका क्रममा म्याद नाघेका सामान बरामद हुनु र मूल्यसूची नराखिएको पाइनु चिन्ताजनक विषय हो । यसले केही व्यवसायी अझै पनि उपभोक्ताप्रति जिम्मेवार नभएको देखाउँछ । व्यापार केवल नाफामुखी मात्र नभई सामाजिक उत्तरदायित्वसँग पनि जोडिएको हुनुपर्छ भन्ने तथ्यलाई व्यवसायीहरूले बुझ्न आवश्यक छ ।

अनुगमनलाई एकपटकको अभियानमा सीमित नराखी नियमित र प्रभावकारी बनाउनु अझ महत्वपूर्ण छ । साथै, व्यवसायीहरूलाई सचेतना कार्यक्रममार्फत नियम र मापदण्डबारे जानकारी गराउनु पनि आवश्यक छ । स्थानीय सरकार, व्यवसायी र उपभोक्ता सबैको सहकार्यबाट मात्र स्वस्थ र पारदर्शी बजार प्रणाली निर्माण सम्भव हुन्छ ।

**आन्तरिक प्रयोजनको लागि गोलिया काठ/दाउरा विक्री वितरणको सूचना**

**प्रकाशित मिति: २०८२/१२/१९**

उपरोक्त सम्बन्धमा डिभिजन वन कार्यालय, मरिण, सिन्धुलीको संकलन सहमति अनुसार यस वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा अनुमानित साल र असना जातको रूख थान ५१ को ३१२०.८४ क्यू.फि. काठ र ५.१६ चट्टा दाउरा उत्पादन हुन सक्ने अनुमान भएको हुनाले उक्त काठ दाउराहरु समूह भित्र, छिमेकी समूहहरु तथा जिल्ला भित्रका उपभोक्ताहरुलाई विक्री वितरणको लागि यो सूचना प्रकाशित गरिएको छा समूह भित्र, छिमेकी समूहहरु तथा जिल्ला भित्रका उपभोक्ताहरुलाई काठ दाउरा आवश्यक भएमा यो सूचना प्रकाशित भएको मितिले १५ ( पन्ध्र) दिन भित्रमा आवश्यक काठ दाउराको जात र परिमाण स्पष्ट खुलाई यस समूहको कार्यालयमा निवेदन पेश गर्नु हुन जानकारी गराईन्छ ।

**अध्यक्ष**
**जलदेवी सामुदायिक वन उपभोक्ता समूह**
**हरिहरपुरगढी गा.पा. ६, सिन्धुली**

# बजेट सुधारका कार्यसूची




**प्रभावी नेताले आफ्ना जिल्लाका आयोजनामा बहुवर्षीय व्यवस्थापनको नाममा आउँदा वर्षको स्रोतमाथि धावा बोल्ने, रकमान्तर र कार्यक्रम संशोधन गरी दुर्गम क्षेत्रका विनियोजनलाई अन्यत्र सार्ने गर्दै आएका छन् । बहुवर्षीय खरिद व्यवस्था, रकमान्तर र कार्यक्रम संशोधनको औचित्य निर्धारण गर्ने विधि घोषणा गर्नु आवश्यक छ ।**



गोपीनाथ मैनाली

सामान्य अवस्थामा पनि बजेटमाथि सर्वसाधारणका थुप्रै अपेक्षा हुन्छन् तर अहिले केही विशेष अवस्थामा बजेट बन्दै छ । एकातिर जनताका आशा धेरै छन् भने अर्कातिर अवास्तविक र कार्यन्वयनयोग्य नहुने गरेको आरोप पनि बजेटले सामना गर्दै आएको छ । वास्तवमा बजेट आर्थिक वृद्धि, रोजागरी विस्तार, मूल्य स्थिरता, सामाजिक न्याय र शोधनान्तर सन्तुलनको संयन्त्र हो । विगतका तथ्य विश्लेषण गर्दा बजेट तर्जुमा प्रक्रिया र यसका सारभूत पक्षमा आमूल परिवर्तन नगरी बजेट आफ्नो अभीष्टमा सफल नहुने देखिन्छ । बजेटको आकार मात्र अवास्तविक भएका होइनन्, यसले सम्बोधन गर्नुपर्ने नीति, प्राथमिकता र वार्षिक विकासका कार्यक्रमले सम्बोधन गर्नुपर्ने कुरा पनि संवैधानिक आशय अनुरूप रहेका छैनन् । बजेट अर्थराजनीतिक संयन्त्र भए पनि यसको तयारी तथा कार्यान्वयन भने प्राविधिक हुने गर्छन् । बजेटमा समावेश भएका कार्यक्रमको उपलब्धि स्तर कमजोर रहँदै आएको छ भने नीतिहरू नतिजामा पुगेका छैनन् । समष्टिगत आर्थिक स्थिरताको लक्ष्यलाई बजेटले सम्बोधन गर्न सकेको छैन । परिणामतः बजेट नीति, न्याय, सम्बन्ध र अनुमानको वास्तविक संयन्त्र बन्नै नसकेकाले यसको तर्जुमा चरणमा आमूल सुधारको खाँचो छ ।

बजेटले सम्बोधन गर्नुपर्ने धेरै कुरामध्ये प्रमुख कुरालाई यहाँ उल्लेख गरिन्छ । पहिलो कुरा आगामी वर्षको बजेटले अर्को चरणको आर्थिक सुधारका लागि संरचनात्मक परिवर्तनको घोषणा गरी त्यसलाई अवलम्बन गर्ने आधार दिनु पर्छ । सात प्रतिशत आर्थिक वृद्धि गर्ने सरकारको अभीष्ट र सोह्रौं योजनाको लक्ष्यलाई पूरा गर्न पनि दोस्रो चरणको सुधार चाहिन्छ । पहिलो चरणको सुधार कार्यक्रम सञ्चालनको धेरै समय बित्यो । लोकतन्त्र स्थापनापछिको पहिलो निर्वाचित सरकारले ल्याएका सुधारका कार्यक्रमले निरन्तरता मात्र नपाएका होइनन्, भएका उपलब्धि पनि रक्षा हुन सकेनन् । नेपालभन्दा पछि उदारीकरणमा प्रवेश गरको भारतले सुधारको चौथो चरण पार गरिसकेको छ । सुधार कार्यक्रमको अभिन्न अङ्गका रूपमा अर्थतन्त्रको नेतृत्वदायी क्षेत्रको पहिचान आवश्यक छ । धेरै क्षेत्रलाई प्राथमिकतामा समेट्दा समृद्धिको खास क्षेत्रले महत्व पाउँदैन । नेपालको आर्थिक वृद्धिको नेतृत्वदायी क्षेत्र कृषि, ऊर्जा र पर्यटन हो । बजेटमार्फत त्यसलाई समर्थन गर्ने कार्यक्रम ल्याइनु पर्छ । खाद्य सुरक्षाको आधार कृषि हो । उपलब्ध भूमिको उत्पादनशील उपयोग गर्नाले यसको उत्पादन र उत्पादकत्व बढाउन सकिन्छ । उच्च बहावका निरन्तर बगिरहने नदीका कारण जलविद्युत्ले समृद्धि दिन सक्छ । नेपालको घमाइलो मौसमका कारण सौर्य ऊर्जाको सम्भावना पनि प्रचुर छ । पर्यटनले समृद्धिलाई दिगो बनाउन यस कारण सक्छ कि नेपालको मूर्त/अमूर्त सम्पदा, संस्कृति, जैविक विविधता, भौगोलिक अवस्थिति र प्राकृतिक सौन्दर्यले पर्यटनका कारण लाभ लिन सकिने सम्भावना प्रचुर छ । सम्भावनाका यी तिनै क्षेत्रबाट लाभ लिन आक्रामक नीति कार्यक्रम चाहिन्छ ।

निजी क्षेत्रलाई विकासको इन्जिनका रूपमा परिचालन गरी उत्पादन र रोजगारीको स्पष्ट वित्तीय खाका ल्याइनु पर्छ । लगानीका लागि निजी क्षेत्र आश्वस्त छैन । चालु वर्ष र गत वर्षको बजेटबाट निजी क्षेत्र खुसी नै भएको थियो तर लगानी गर्न भने हच्के । राजनीतिक र प्रशासनिक व्यवहारले निजी क्षेत्रको मन जित्ने खालको छैन । सुशासन र स्वागत संस्कारको अभाव रहेको गुनासो निजी क्षेत्रको छ । साथै भूराजनीतिक सम्बन्धलाई नेपालले आफ्नो पक्षमा उपयोग गर्न सकेको छैन । आन्तरिक सुशासनका साथ छिमेकी देशसँगको व्यापारिक सम्बन्ध विकासलाई बजेटले वास्तविक रूपमा सम्बोधन गर्नु पर्छ । साथै नेपाली उत्पादन बाह्य बजारमा प्रवाह गर्न र उद्यमशीलता विकास गर्न विश्वका प्रतिष्ठित व्यापारिक सञ्जालसँग सहकार्य गर्ने खाका बजेटले दिन सके दोहोरो फाइदा लिन सकिने सम्भावना छ ।

बजेट सुधारको अर्को पक्ष बजेटको आकार हो । तर्जुमाका समयमा ठुलो आकारको आकाङ्क्षा राख्ने तर कार्यान्वयनका समयमा यसलाई अवास्तविक मानी आकार घटाउने प्रवृत्तिमा नेपालको बजेट प्रक्रिया अघि बढ्दै आएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा बजेटको आकार १,८६० अर्ब रुपियाँको थियो । यसलाई पनि मध्यावधि समीक्षामा करिब १६७ अर्ब रुपियाँ घटाइयो । कार्यान्वयनमा १,५२५ अर्ब रुपियाँ जति मात्र कायम गरियो । चालु आवमा १,९६४ अर्ब ११ करोड रुपियाँको बजेट आकारलाई मध्यावधि समीक्षामा १४.०४ प्रतिशतले घटाइएको छ । बजेट घटाइनुको अर्थ आम्दानी र खर्च दुवैतर्फको कमजोर अवस्था हो । उठाउन पर्ने राजस्व उठाउन नसक्दा वा खर्च गर्ने सामर्थ्य साँघुरो हुँदा बजेट अवास्तविक बन्ने गर्छ । यसले सम्बोधन गर्नुपर्ने नीति, दर्शन अवलम्बन नगर्दाको अवस्थामा बजेटलाई अवास्तविक भनिने गरिएको छैन । वास्तवमा नीति, कार्यक्रम, प्राप्ति तथा खर्च व्यवस्थापनका तिनै आयामबाट नेपालको बजेट अवास्तविक हुँदै आएको छ । स्रोत समिति आयामिक विश्लेषण गरेर बजेट आकार निर्धारणमा चुक्दै आएको छ । आगामी वर्षका लागि १,८९० अर्ब रुपियाँको स्रोत अनुमान गरिएको छ । गत वर्ष चालु आवका लागि त्यही समितिले १,९६४ अर्ब रुपियाँको सीमा निर्धारण गरेकोमा आगामी वर्षका लागि किन त्यति ठुलो रकम घटाइएको हो ? यसको आधार स्पष्ट छैन । फेरि सरकारी प्रतिवेदनमा नै छाया अर्थतन्त्रलाई समेट्न सके अरू चार/पाँच खर्ब रुपियाँ स्रोत बढ्न सक्ने पनि भनिएको छ । कठोर राजस्व प्रशासन अपनाइ राजस्वको स्रोत बढाउनुपर्ने होइन र ? के लेखा प्रणालीबाट प्राप्त आँकडालाई आधार मानेर मात्र बजेटको आकार निर्धारण गर्नु उपयुक्त हो र ? कम्तीमा यस्ता अनुत्तरित प्रश्नको जवाफ साथ आगामी वर्षको बजेट तर्जुमा हुनु पर्दछ ।

सरकारी विनियोजनलाई वर्ग, क्षेत्र, भूगोल र प्रदेशबिच सन्तुलन र न्यायपूर्ण बनाउन विनियोजनका सिद्धान्त निर्धारण गरी त्यसैका आधारमा रकम विनियोजन गर्ने परिपाटी अहिलेको आवश्यकता हो । विनियोजनमा न्याय, सन्तुलन र कुशलता नभएकाले विकासमा असमानता र असन्तुष्टि सिर्जना गरेको छ । त्यस्तै प्रभावी नेताले आफ्ना जिल्लाका आयोजनामा बहुवर्षीय व्यवस्थापनको नाममा आउँदा वर्षको स्रोतमाथि धावा बोल्ने, रकमान्तर र कार्यक्रम संशोधन गरी दुर्गम क्षेत्रका विनियोजनलाई अन्यत्र सार्ने गर्दै आएका छन् । बहुवर्षीय खरिद व्यवस्था, रकमान्तर र कार्यक्रम संशोधनको औचित्य निर्धारण गर्ने विधि घोषणा गर्नु अर्को आवश्यकता छ ।

वित्त नीतिका घोषणालाई कार्यान्वयन गर्न मौद्रिक नीतिबिचको सहकार्यको कायम गर्ने स्थिति बन्नु पर्छ । मौद्रिक र वित्त नीतिको वास्तविक अभीष्ट एकै भएको छैन । मौद्रिक नीति जारी गर्दा अर्थतन्त्रको करिब नौ खर्ब रुपियाँ परिचालन गर्ने सहकारी क्षेत्रलाई पनि निर्दिष्ट गर्ने दृष्टिकोण बजेटमार्फत राखिनु पर्छ । मौद्रिक नीतिले समग्र वित्त लगानीलाई निर्दिष्ट गर्न नसक्दा सहकारीले वित्तीय उच्छृ‌ृ लता निम्त्याएको छ । मुद्रा स्फिति उच्च भएकाले सर्वसाधारण र न्यून आयवर्ग/निश्चित आय वर्ग बाँच्न नसक्ने अवस्थामा छन् । मूल्य वृद्धि नियन्त्रण गर्न संयन्त्र घोषणा गरिनु पर्छ । बजारको फौवञ्जारीकारणले उपभोक्ता र उत्पादकबिच ठुलो खाडल बनाएको छ भने सरकारको नीति सामर्थ्य फितलो देखिएको छ । अन्तर्राष्ट्रिय आर्थिक उतारचढाव र सङ्कटबाट अर्थतन्त्रलाई कम प्रभावी बनाउन स्थानीय आर्थिक संरचना निर्माण र घरपरिवार तहदेखि उत्पादन गर्ने नीति कार्यक्रम घोषणा गर्नु पर्छ । साथै बाह्य नीति र घटनाक्रमबाट अर्थतन्त्रमा पर्ने प्रभावको आकलनका लागि अर्थ मन्त्रालय, केन्द्रीय मौद्रिक पदाधिकारीको समन्वयमा ज्ञान आधार निर्माण र परिचालनको सशक्त संयन्त्र चाहिन्छ ।

सरकारी प्राप्ति (राजस्व, अनुदान र ऋण) व्यवस्थापनमा दक्षता आवश्यक छ । राजस्व प्रशासनमा रहेको बेथिति हटाई व्यावसायिक सदाचारिचता कायम गर्न कठोर निगरानी जरुरी छ । यस खालको व्यवस्थाले मात्र राजस्व बढ्न सक्छ । अनुदान परिचालन स्तर प्रतिवर्ष घट्दै गएकाले दक्षता सुधार र प्रशोचन क्षमता विस्तार आवश्यक छ । ऋणको लागत बढी छ । आन्तरिक ऋणले बाह्य ऋणको परिमाणलाई उछिनेको छ । आन्तरिक ऋण उत्पादक क्षेत्रमा उपयोग भएको छैन । ऋणको भुक्तानी विनियोजन पुँजीगत विनियोजनभन्दा माथि छ । यसर्थ ऋण व्यवस्थामा दक्षता विकास आवश्यक छ । ***बाँकी ३ पेजमा***

"किसानको उन्नती देशको प्रगती"
रंजितकार ईन्टरप्राईजेज
९८४१५६०६६५
क.न.पा.-६, १ नं. बजार, सिन्धुली, सम्पर्क नं. ०४७-५२११५८
मो. ९८४४०७५४७२, ९८६४१४१७८८, ९८४४०४२९९१



यहाँ सबै किसिमका मिल मेशिनरी, ट्र्याक्टर तथा पानी तान्ने पम्पको पार्टपुर्जाहरू सुपथ मूल्यमा पाईन्छ ।

# गर्मी महिनामा बढ्छ मिर्गौलामा पत्थरी हुने जोखिम



गर्मीयाममा मिर्गौलाको पत्थरीको मामिला बढ्ने गर्छ। गर्मीमा तापक्रम बढ्नाले डिहाइड्रेसन अर्थात् शरीरमा पानीको कमीको जोखिम बढ्छ। यसले गर्दा मिर्गौलामा क्याल्सियम र अन्य मिनरलका क्रिस्टलहरू जम्मा भएर पत्थरीमा परिणत हुन्छन्।

गर्मीमा पसिनाको माध्यमबाट शरीरबाट धेरै पानी बाहिर निस्कन्छ। पर्याप्त पानी नपिउँदा डिहाइड्रेसन हुन सक्छ।

शरीरमा पानीको कमी हुँदा पिसाबमा क्याल्सियम, अक्सालेट जस्ता मिनरल्स बढ्छन्। यी मिनरल्स मिलेर साना-साना क्रिस्टल बन्छन्, जुन पछि मिर्गौलाको पत्थरीमा परिणत हुन्छन्।

पिसाबमा क्याल्सियम, अक्सालेट र युरिक एसिड बढ्दा क्रिस्टलहरू बन्छन्, जुन पानीको कमीका कारण बाहिर निस्कन पाउँदैनन् र पत्थरी बन्छन्। मौसमसँग यसको प्रत्यक्ष सम्बन्ध त छैन, तर गर्मीमा डिहाइड्रेसन बढ्ने हुनाले यसको जोखिम बढी हुन्छ।

मिर्गौलाको पत्थरी हुँदा पिसाबसँग सम्बन्धित समस्याहरू देखा पर्छन्। यसका कारण कम्मर वा पेटमा कडा दुखाइ हुन सक्छ। यसका मुख्य लक्षणहरू यस प्रकार छन्:

- पिसाब फेर्दा दुख्नु।
- पिसाबको रङ बदलिनु।
- पिसाबबाट गन्ध आउनु।
- पिसाबमा रगत देखिनु।
- बारम्बार पिसाब लाग्नु।
- वाकवाकी लाग्नु, बान्ता हुनु, अत्तालिनु (घबराहट हुनु)।
- सधैं थकान र कमजोरी महसुस हुनु।
- ढाडको तल्लो भागमा दुख्नु।

कस्ता लापरवाहीका कारण गर्मीमा पत्थरीको जोखिम बढ्छ?

गर्मीयाममा जीवनशैलीका साना गल्तीहरूले पत्थरीको जोखिम बढाउँछन्। पानीको आवश्यकतालाई बेवास्ता गर्दा मिर्गौलामा मिनरल स्याचुरेसन सुरु हुन्छ। ती गल्तीहरू यस प्रकार छन्:

- कम पानी पिउनु।
- धेरै नुन खानु।
- धेरै चिया-कफी पिउनु।
- धेरै तेल-मसलायुक्त खानेकुरा खानु।
- धेरै मात्रामा प्रोटिन खानु।
- धेरै गुलियो पेय पदार्थ (सुगरी ड्रिंक) पिउनु।
- धेरै जंक फुड खानु।
- सिट्रेटयुक्त फलफूल नखानु।
- तौल नियन्त्रण नगर्नु।
- शारीरिक व्यायाम नगर्नु।
- पिसाब रोकेर राख्नु।
- मद्यपान गर्नु।

केही मानिसहरूमा यसको जोखिम बढी हुन्छ। जसमा:

- कम पानी पिउने व्यक्तिहरू।
- पहिले पनि पत्थरी भइसकेका व्यक्तिहरू।
- धेरै पसिना आउने व्यक्तिहरू।
- मोटोपनको शिकार भएका ( ओबिज) व्यक्तिहरू।
- मधुमेह (डायबिटीज) भएका बिरामीहरू।
- घरबाहिर (आउटडोर) काम गर्ने व्यक्तिहरू।
- धेरै नुन खाने व्यक्तिहरू।
- उच्च प्रोटिनयुक्त खाना खाने व्यक्तिहरू।
- चिया-कफी धेरै पिउने व्यक्तिहरू।
- सफ्ट ड्रिंक्स पिउने व्यक्तिहरू।
- फलफूल र तरकारी कम खाने व्यक्तिहरू।
- प्रायः डिहाइड्रेसनको समस्या भोलिरहने व्यक्तिहरू।

अस्वस्थ जीवनशैलीले यसको जोखिम बढाउँछ भने स्वस्थ बानीले यसलाई कम गर्छ। त्यसैले :

- धेरै नुन, प्रोसेस्ड फुड र उच्च प्रोटिनयुक्त खाना नखानुहोस्।
- धेरै चिया, कफी वा सफ्ट ड्रिंक्स नपिउनुहोस्।
- फलफूल, तरकारी र फाइबरयुक्त खाना खानुहोस्।
- नियमित व्यायाम र सन्तुलित आहार लिनुहोस्।
- दिनभरिमा कम्तीमा ८-१० गिलास पानी पिउनुहोस्।

दैनिक कति पानी पिउनु जरुरी छ?

गर्मीमा धेरै पसिना आउने भएकाले पानीको आवश्यकता बढ्छ। सामान्यतया दिनमा २.५ देखि ३ लिटर पानी पिउनुपर्छ। यदि धेरै पसिना आइरहेको छ वा बाहिर काम गरिरहनुभएको छ भने पानीको मात्रा बढाउनुहोस्।

पिसाबको रङ हल्का पहेंलो हुनु पर्याप्त पानी पिएको संकेत हो, जबकि गाढा रङको मतलब शरीरलाई थप पानीको आवश्यकता छ भन्ने हो।

पानीको साथसाथै इलेक्ट्रोलाइट्स ( सोडियम, पोटासियम) को सन्तुलन पनि जरुरी हुन्छ। पसिना मार्फत यी मिनरल्स बाहिर निस्कन्छन्। पानीले हाइड्रेट गर्छ भने इलेक्ट्रोलाइट्सले सन्तुलन कायम राख्छ। नरिवल पानी, मोही र कागती पानी यसका राम्रा स्रोत हुन्, जसले शरीरमा तरल पदार्थको सन्तुलन कायम राख्छन्।

गर्मीमा मिर्गौलालाई स्वस्थ राख्न हल्का, सन्तुलित र हाइड्रेटिड (पानीको मात्रा बढाउने) खानपान हुनुपर्छ।

के खाने: खर्बुजा, तरबुजा, काँक्रो, सुन्तला, मौसम, दही र साबुत अनाज।

के नखाने: धेरै नुन, जंक फुड, प्रोसेस्ड फुड, रेड मिट, धेरै गुलियो र तारिएका-भुटेका कुराहरू।

मिर्गौलाको पत्थरीको जोखिम कम गर्न के गर्ने?

केही खानेकुरा र पेय पदार्थले पत्थरीको जोखिम बढाउन सक्छन्, त्यसैले तिनलाई बेवास्ता गर्नुहोस्। यसका अलावा जीवनशैलीमा पनि केही परिवर्तन गर्नु जरुरी छ। बच्ने उपायहरू यस प्रकार छन्:

- प्रशस्त पानी पिउनुहोस्।
- साइट्रिक फलफूल खानुहोस्।
- नियमित व्यायाम गर्नुहोस्।
- नुन कम खानुहोस्।
- प्याकेटका खानेकुरा नखानुहोस्।
- चिप्स, नमकिन कम खानुहोस्।
- धेरै मात्रामा प्रोटिन नखानुहोस्।
- सफ्ट ड्रिंक्स नपिउनुहोस्।
- धेरै चिनी नखानुहोस्।
- पिसाब नरोक्नुहोस्।
- मद्यपान नगर्नुहोस्।
- धूम्रपान नगर्नुहोस्।

जसलाई पहिले नै पत्थरी भइसकेको छ, उनीहरूलाई फेरि पत्थरी हुने जोखिम बढी हुन्छ। यसरी ख्याल राख्नुहोस्:

- दिनभर पर्याप्त पानी र झोलिलो पदार्थ पिइरहनुहोस्।
- धेरै नुनिलो र उच्च प्रोटिनयुक्त खाना खानबाट बच्नुहोस्।
- डाक्टरको सल्लाह अनुसार नियमित औषधि सेवन गर्नुहोस्।
- पिसाबलाई लामो समयसम्म रोकेर नराख्नुहोस्। कमजोरी, दुखाइ वा पिसाबसम्बन्धी कुनै समस्या देखिए तुरुन्त डाक्टरसँग परामर्श गर्नुहोस्।

मिर्गौलामा पत्थरी भएमा के गर्ने र डाक्टरलाई कहिले भेट्ने?

मिर्गौलाको पत्थरीमा समयमै उपचार गराउनु जरुरी छ। साना पत्थरीहरू पर्याप्त पानी पिउँदा आफैं निस्कन सक्छन्, जबकि दुखाइ हुँदा औषधि दिइन्छ र आवश्यक परे परीक्षण गरिन्छ। यी लक्षणहरू देखिएमा तुरुन्त डाक्टरलाई भेट्नुहोस्:

- कम्मर वा पेटमा धेरै दुखाइ हुनु।
- पिसाबमा रगत आउनु।
- बारम्बार बान्ता वा वाकवाकी लाग्नु।
- पिसाब फेर्दा असाध्यै दुख्नु।
- पिसाब कम आउनु वा पटक्कै नआउनु।




## बजेट . . .

साथै सार्वजनिक ऋणको परिभाषा विस्तृत बनाई 'एक्स्ट्रा बजेटरी' निकायले लिएका ऋण, यस्ता संस्थालाई सरकार जमानीमा बसी दिलाएका ऋण र नकारात्मक बचत परिचालनलाई पनि समेट्नु उचित हुन्छ। सरकारी सम्पत्ति (सृजित सम्पत्तिसमेत) लाई व्यवस्थापन गर्न २०७७ साउनदेखि कार्यान्वयनमा ल्याइएको सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) को पूर्ण आन्तरिकीकरण गर्ने व्यवस्था आवश्यक छ। अहिले प्रणाली त छ तर स्वचालित क्रियाशीलतामा लैजाने कार्य भएको छैन।

सरकारी खर्चको आयतन र स्तर सुधार गर्न जिम्मेवार व्यक्ति जवाफदेही बनाउने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ का प्रावधानलाई कार्यान्वयन गरी लेखा उत्तरदायी र जिम्मेवार खर्च पदाधिकारीलाई थप जिम्मेवार बनाउने अठोट चाहिन्छ। कार्यसम्पादन सम्झौता र आवधिक समीक्षा एकदमै औपचारिक छन्। पुँजीगत खर्च साठी प्रतिशतको हाराहारीमा मात्र हुने गरेको छ। बजेट पेस भएपछि खरिद प्रक्रिया सुरु गर्नु पर्छ। नेपालको बजेट कार्यकारी प्रकृतिको भएकाले संसद्ले प्रस्तुत गरेकै ढाँचामा यसलाई अनुमोदन गरिदिन्छ। त्यसैले कार्यान्वयन तयारी आव सुरु हुनु अघि नै गर्न सकिन्छ। सरकारी सङ्गठन भद्दा बनेकाले सङ्गठन 'रिइन्जिनियरिङ' ढाँचा घोषणा गरी प्रतिवर्ष बजेट तर्जुमाको समयमा स्वचालित रूपमा सङ्गठन संरचना र कार्यभार विश्लेषण गर्ने खाका चाहिन्छ। तहगत सरकारको आयोजनागत दोहोरोपन नियमन गर्न 'प्रोजेक्ट एक्टिभिटी कोड' को व्यवस्था चाहिन्छ। घोषित वित्तीय नीति, बजेट तथा कार्यक्रमको अनुगमन प्रभावकारिता बढाउन अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको क्रियाशीलता चाहिन्छ। सरकारी पदाधिकारी, 'एक्स्ट्रा बजेटरी निकाय,' सहकारी, सामुदायिक र गैरसरकारी संस्थाका व्यवहारलाई सार्वजनिक जीवनका मूल्य सिद्धान्त अनुरूप ल्याउन राष्ट्रिय सदाचार पद्धतिको घोषणा अति जरुरी छ।

गोरखापत्र अनलाइनबाट साभार

# खेलकुद

## यु–२० साफ : नेपाल सेमिफाइनलबाट बाहिरियो

नेपाल माल्दिभ्समा जारी यु-२० साफ च्याम्पियनसिप फुटबलको सेमिफाइनलबाट बाहिरिएको छ।

मालेस्थित राष्ट्रिय फुटबल रङ्गशालामा बुधबार भएको सेमिफाइनल खेलमा नेपाल बङ्गलादेशसँग १-० गोलले पराजित भयो।

यसअघि नेपालले समूह 'ए' बाट सेमिफाइनल यात्रा तय गरेको थियो। नेपालको समूह भुटान, आयोजक माल्दिभ्स र श्रीलङ्का थिए।

# अन्तराष्ट्रिय

## इरानको मिसाइल आक्रमणबाट कतारको ट्याङ्करमा क्षति

कतारको सरकारी स्वामित्वमा रहेको ऊर्जा कम्पनीको एक ट्याङ्करमा कतारको सामुद्रिक इलाकामा इरानी मिसाइलद्वारा प्रहार भएको छ।

इरानबाट तीन वटा क्रुज क्षेप्यास्त्रा प्रक्षेपण गरिएको यसबाट कतारको एक इन्धन ट्याङ्करलाई निशाना बनाइएको कतारको रक्षा मन्त्रालयद्वारा जारी एक विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ, "सेनाले दुई वटा क्रुज क्षेप्यास्त्रलाई रोकेको छ भने तेस्रो क्षेप्यास्त्र कतारको जलक्षेत्रमा कतार इनर्जिनीलाई दिइएको तेल ट्याङ्करमा खसेको छ।"

चालक दलका २१ सदस्य रहेको उक्त ट्याङ्करलाई कुनै मानवीय क्षति नपुऱ्याउन सम्बन्धित अधिकारीहरूसँग समन्वय गरिएको रक्षा मन्त्रालयले जनाएको छ।

इरानको रिभोलुसनरी गार्ड्सले कतारको स्वामित्वमा रहेको ट्याङ्कर एक्वा-१ लाई आक्रमण गरेको पुष्टि गरेको छ। गार्ड्सले सरकारी टेलिभिजनमार्फत् जारी एक विज्ञप्तिमा जहाज इजरायली भएको र निशाना बनाइएको जनाएको छ।

फेब्रुअरीको अन्त्यदेखि सुरु भएको अमेरिका र इजरायली आक्रमणको जवाफमा खाडी मुलुकहरूले गत महिनादेखि इरानबाट बारम्बार ड्रोन र क्षेप्यास्त्र आक्रमणको सामना गर्नुपरेको छ।

इरानले तेलको धनी खाडी राष्ट्रहरूमा हाइड्रोकार्बन पूर्वाधारहरू र ढुवानीमा प्रयोग हुने जहाजलाई लक्षित गरेको छ। यी निशानाले प्रभावकारी रूपमा रणनीतिक 'स्ट्रेट अफ हर्मुज' बन्द गरेको छ। यो क्षेत्रबाट विश्वको करिब २० प्रतिशत इन्धन आपूर्ति हुन्छ।

इन्धन ट्याङ्कर एक्वा-१ ले बुधबार बिहानै कतारको उत्तरी जलक्षेत्रमा क्षेप्यास्त्र आक्रमणमा जहाजमा सामान्य क्षति भएको तर यसबाट चालक दलका कुनै सदस्य घाइते नभएको पुष्टि गरेको छ।

बेलायती सामुद्रिक सुरक्षा निकाय 'यूके मेरिटाइम ट्रेड अपरेसन ९ युकेएमटीओ०'का अनुसार दोहाबाट १७ नटिकल माइल उत्तरमा सो दुर्घटना भएको हो।

जहाजलाई विश्वको सबैभन्दा ठूलो तरलीकृत प्राकृतिक ग्यास ९एलएनजी० क्षेत्र रास लाफानको उत्तरमा दुई प्रोजेक्टाइलले लागेको थियो।

"एउटा प्रोजेक्टाइलले लागेपछि आगो लागेको थियो तर यसलाई पछि निभाइएको थियो र अर्को 'जहाजको इन्जिन कोठामा विस्फोट भएको छैन," बेलायती सामुद्रिक सुरक्षा निकायले भनेको छ।

निजी सुरक्षा फर्म एम्ब्रे र भ्यानगार्डले पनि ट्याङ्करको इन्जिन कोठामा विस्फोट नभएको बताएका छन्। यसबारे अधिकारीहरूले अनुसन्धान गरिरहेका छन्।

यसअघि युकेएमटीओले ट्याङ्करलाई बन्दरगाहको छेउमा अज्ञात प्रोजेक्टाइलले ठक्कर दिएको र पानीको रेखामाथिको हलमा क्षति पुर्याएको बताएको थियो। रासस

## आन्तरिक प्रयोजनको लागि गोलिया काठ/दाउरा विक्री वितरणको सूचना

**प्रकाशित मिति: २०८२/१२/१९**

उपरोक्त सम्बन्धमा डिभिजन वन कार्यालय, मरिण, सिन्धुलीको संकलन सहमति अनुसार यस वन क्षेत्रबाट आ.व. २०७९/०८० मा उत्पादन भएको साल जातको गोलिया काठ मध्ये जि.व.पै.आ. समितिलाई २५% छुट्ट्याईएको काठ व्यवस्थापन हुन नसकेकोले जि.व.पै. आ. समितिबाट समूहले फिर्ता पाई सकेको उक्त काठ समूहबाट नै व्यवस्थापन गर्न साल गोलिया थान ८१ को ६७२.२८ क्यू.फि. काठ र दाउरा ०.५० समूह भित्र, छिमेकी समूहहरु तथा जिल्ला भित्रका उपभोक्ताहरुलाई विक्री वितरणको लागि यो सूचना प्रकाशित गरिएको छ। समूह भित्र, छिमेकी समूहहरु तथा जिल्ला भित्रका उपभोक्ताहरुलाई काठ दाउरा आवश्यक भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा आवश्यक काठ दाउराको जात र परिमाण स्पष्ट खुलाई यस समूहको कार्यालयमा निवेदन पेश गर्नु हुन जानकारी गराईन्छ।

**अध्यक्ष**

**जलदेवी सामुदायिक वन उपभोक्ता समूह**
**हरिहरपुरगढी गा.पा. ०६, सिन्धुली**

## आन्तरिक प्रयोजनको लागि गोलिया काठ/दाउरा विक्री वितरणको सूचना

**प्रकाशित मिति: २०८२/१२/१९**

उपरोक्त सम्बन्धमा डिभिजन वन कार्यालय, मरिण, सिन्धुलीको संकलन सहमति अनुसार यस वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा उत्पादन भएको साल जातको गोलिया काठ मध्ये जि.व.पै.आ. समितिलाई २५% छुट्ट्याईएको काठ व्यवस्थापन हुन नसकेकोले जि.व.पै. आ. समितिबाट समूहले फिर्ता पाई सकेको उक्त काठ समूहबाट नै व्यवस्थापन गर्न साल गोलिया थान ५३ को ५०८.९७ क्यू.फि. काठ र दाउरा०.५० चट्टा समूह भित्र, छिमेकी समूहहरु तथा जिल्ला भित्रका उपभोक्ताहरुलाई विक्री वितरणको लागि यो सूचना प्रकाशित गरिएको छ। समूह भित्र, छिमेकी समूहहरु तथा जिल्ला भित्रका उपभोक्ताहरुलाई काठ दाउरा आवश्यक भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा आवश्यक काठ दाउराको जात र परिमाण स्पष्ट खुलाई यस समूहको कार्यालयमा निवेदन पेश गर्नु हुन जानकारी गराईन्छ।

**अध्यक्ष**

**महाकालि सामुदायिक वन उपभोक्ता समूह**
**हरिहरपुरगढी गा.पा. ०७, सिन्धुली**

CamScanner

सञ्चालनमा रहेका राष्ट्रिय गौरवका आयोजना तथा लगानी बोर्डमा दर्ता भएका सम्पूर्ण परियोजनाको लगानीको ढाँचा निर्धारण गर्ने र त्यसका लागि राष्ट्रिय योजना आयोग, लगानी बोर्ड नेपाल र अर्थ मन्त्रालयले संयुक्त रूपमा ९० दिनभित्र सबै परियोजनालाई सरकारी कोष, सार्वजनिक निजी साझेदारी, निजी लगानी वा मिश्रित लगानी ढाँचामा वर्गीकरण गरी पुँजी परिचालन, जोखिम बाँडफाँट, कार्यान्वयन ढाँचा तथा समयसीमासहितको 'नेसनल स्ट्रक्चर्ड प्रोजेक्ट पाइपलाइन' ९० दिनभित्र तयार गरी सार्वजनिक गर्ने कार्यसूचीमा समेटिएको छ।

रुग्ण आयोजना, ठेक्का तोडिएका परियोजना तथा प्रतिफलविहीन लगानी हुँदै आएको विभिन्न आयोजनाको समस्या समाधान गर्न ३० दिनभित्र अध्ययन टोली गठन गर्ने र सो टोलीले आयोजनाको औचित्य र सम्भाव्यता मूल्याङ्कन गरी निरन्तरता दिनुपर्ने वा नपर्ने अवस्थाका बारेमा सिफारिस गर्ने कार्यसूचीमा उल्लेख छ। लामो समयदेखि अलपत्र, रुग्ण तथा समयमा सम्पन्न हुन नसकेका आयोजनाहरूको पुनरवलोकन गरी बजेटको व्यवस्थापन, जग्गा अधिग्रहण, वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृति, ठेक्का तोड्नेलगायत प्रक्रिया सरल बनाउने सरकारले कार्यसूचीमा उल्लेख गरेको हो।

त्यसै गरी दुई पटकभन्दा बढी ठेक्का नलागेका वा ठेक्का प्रक्रिया असफल भएका आयोजनालाई सरकारी पूर्वाधार निर्माण कम्पनीमार्फत कार्यान्वयन गर्ने व्यवस्थाका लागि ३० दिनभित्र कानुन तर्जुमा गरी उक्त कम्पनीका लागि आवश्यक पर्ने स्रोतसाधन, जनशक्ति तथा उपकरण व्यवस्थापन गर्ने निर्णय कार्यसूचीमा गरिएको हो। समयमा निर्माण सम्पन्न हुन नसक्दा लामो समयदेखि दुःख दिँदै आएका सडक तथा यातायात पूर्वाधार आयोजना निर्धारित समयमा सम्पन हुन नसक्ने समस्या समाधान गर्न तत्काले आयोजना निगरानी कार्यतालिका बनाई कार्यान्वयन गर्नुका साथै राजमार्गहरूको आवश्यक ठाउँहरूमा ४५ दिनभित्र तौल पुल राख्ने प्रावधान लागु गरिने छ।

विकास परियोजनाहरू विभिन्न कानुन, स्वीकृति र निकायगत प्रक्रियामा अल्झिँदा आयोजना निर्माण तथा सञ्चालनमा बर्सौं लाग्ने समस्या समाधान गर्न ६० दिनभित्र परियोजना सहजीकरण (प्रोजेक्ट फ्यासिलियसन) सम्बन्धी छाता कानुनको मस्यौदा तयार गर्ने लगायतको प्रावधानसमेत कार्यसूचीमा समावेश गरिएको छ।

सवारी तथा यातायात क्षेत्रलाई थप सहज बनाउन सवारी चालक अनुमतिपत्र (लाइसेन्स) उपभोक्ताको घरमै पुऱ्याउने, त्यसका लागि अहिलेको हुलाक सेवालाई 'गभर्नमेन्ट कुरियर सर्भिस' का रूपमा विकास गरी राहदानी, नागरिकताको प्रतिलिपि, सवारी चालक अनुमतिपत्र (लाइसेन्स) लगायत सरकारी कागजात र सामग्री सुरक्षित रूपमा नागरिकको घरमै पुऱ्याउने कार्यसूचीमा सरकारले ल्याएको छ। त्यसै गरी सवारी चालक अनुमतिपत्र (लाइसेन्स) लिने प्रक्रिया 'फेसलेस' बनाउने, सार्वजनिक सवारीमा सिसिटिभी जडान गर्ने, महिलाका लागि 'ब्लु बस' सञ्चालन गर्ने र भन्सारमा रहेका सवारी लिलामी गरिने कार्यसूचीमा उल्लेख गरिएको हो।

# आजको राशीफल

मेष - अरूको विश्वास गर्दा गोपनीयता बाहिरिन सक्छ। अवसरवादीहरूले फाइदा उठाउन सक्छन्। आलोचकहरू बढ्नेछन् भने वादविवादले समस्या निम्त्याउन सक्छ। तापनि, उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ।

वृष - अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्। सेवामूलक कामबाट धनलाभ हुनेछ। स्वास्थ्य सबल रहनेछ।

मिथुन - हडबड गर्नाले काम बिग्रन सक्छ। साथीभाइ टाढिनेछन् भने अरूको फाइदाका लागि उपयोग भइनेछ। तापनि नयाँ योजनातर्फ अग्रसर भइनेछ। समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ। पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन्। चुनौती चिर्दै काम बनाउन सकिनेछ।

कर्कट - जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्याउँदा समस्या पर्ला। काममा प्रतिस्पर्धा बढ्नेछ र सहयोगीहरू पछि हट्नेछन्। दाजुभाइमा असमझदारी बढ्न सक्छ। काममा हस्तक्षेप गर्नेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्। आफ्ना कमजोरीबाट लाभ उठाउनेहरू सक्रिय हुने समय रहेको हुँदा सजग रहनुहोला। सावधानीले उपलब्धि जोगिनेछ।

सिंह - मिहिनेतले मानसम्मान दिलाउनेछ। अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक क्षमतामा निखारता आउनेछ। बुद्धिको उपयोगले विद्या, धन आर्जन हुनेछ। तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ।

कन्या - कामना पूर्ण हुनेछ र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम बन्नेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। नयाँ कामतर्फ विशेष अवसर प्राप्त हुनेछ। पहिलेको सफलताले पनि हौसला जगाउनेछ। व्यापारमा फाइदा हुनेछ।

तुला - आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर बन्नेछन्। व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका पाइनेछ। सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ।

वृश्चिक - अवसर प्राप्त भए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ। आँटेको काममा परिस्थितिवश बाधा होला। हातमा आएको रकम अरूका लागि खर्चनुपर्ने हुन सक्छ। अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ। शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला।

धनु - बेलामा होस नपुर्याउँदा काममा बाधा पर्न सक्छ। फाइदाका पछि लाग्दा साथीभाइसँग असमझदारी बढ्न सक्छ। आवश्यक पर्दा सहयोग गर्नेहरू कमै भेटिनेछन्। अप्ठ्यारो काम आँट गर्दा सम्पादन गर्न समय लाग्नेछ। धेरै लगानी गर्दा थोरै फाइदा हुनेछ। तापनि नियमित काम सम्पादन हुनेछन्।

मकर - कम मिहिनेतमै काम बन्नाले मन प्रसन्न रहनेछ। सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुनेछ। मेहनत गर्दा जीवनशैलीमा परिवर्तन आउन सक्छ। व्यापारमा मनग्य फाइदा हुनेछ। विशिष्ट व्यक्तिको सहयोग जुट्नुका साथै प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। अरूलाई प्रभावित पारेर नाम र दाम कमाउने बेला छ। धार्मिक मनोवृत्ति बढ्नेछ र सेवामूलक काम गरिनेछ।

कुम्भ - अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ। व्यापारिक लगानीमा जोखिम बढ्न सक्छ। गोपनीयता भंग हुनुका साथै धन बाहिरिन सक्छ। बाध्यात्मक परिस्थितिले इच्छाशक्ति कुण्ठित हुनेछ। आफ्ना कमजोरीको फाइदा उठाउनेहरू सक्रिय हुनेछन्। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला। नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला।

मीन - कामको चापले जीवनशैली व्यस्त रहनेछ। परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ। बोली-व्यवहारमा संयम रहँदै शुभचिन्तकहरूको भावना बुझ्ने चेष्टा गर्नुहोला। सुखदुःखमा साथ दिनेहरू थोरै हुनेछन्। तापनि प्रेम र मित्रताको बन्धन कसिनेछ भने दाम्पत्य सुखमा रमाउने समय छ। निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्ने देखिन्छ।

# गोलन्जोर गाउँपालिकाको लोगो निर्माण गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/१२/१९)**

उपरोक्त सम्वन्धमा गोलन्जोर गाउँपालिका, गाउँ सभाको मिति २०८२/१२/१०गतेको निर्णयानुसार यस गाउँपालिकाको ऐतिहासिक, भौगोलिक, सामाजिक,सांस्कृतिक, प्राकृतिक एवम् पालिकाको विशिष्ट मौलिक पहिचान झल्कने गाउँपालिकाको लोगो निर्माण गरी प्रयोगमाल्याउने प्रयोजनार्थ लोगोडिजाईन गर्न ईच्छुक व्यक्ति,फर्म वासंघ/संस्थाले तपशिलका शर्तहरु पालना गर्दै सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सिलबन्दी गरी लाहाछाप लगाई यस कार्यालयमा पेशगर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरूः-

- लोगोमा समावेश हुनुपर्ने अनिवार्य तत्वहरुः गाउँपालिकाको नाम,नक्शा, नेपालको झण्डा ।
- गाउँपालिकाको आदर्श वाक्यः शिक्षा, सडक, सिँचाई र कृषि गोलन्जोरको पूर्वाधार।। तरकारी खेति, पशुपालन र पर्यटन विकास समृद्धिको मूल आधार भन्ने तत्व समावेश गर्न सकेमा थप प्रभावकारी हुने ।
- लोगोमा गाउँपालिकाको पहिचान, भाव, विशेषता तथा विशिष्टता झल्किने हुनुपर्दछ ।
- लोगोमा प्रयोग भएको संकेतहरुको सँक्षिप्त व्याखा गर्नुपर्नेछ ।
- लोगो सँगै त्यसको विस्तृतिकरण समेत पठाउनु पर्ने छ ।
- लोगोमा सिन्धुलीको माथिल्लो महाभारत पर्वत, सिन्धुलीको पहिचान जुनार फल, गढ तिरमा बग्ने सुनकोशि नदि र गोलन्जोर डाडांको स्वरुप अनिवार्य समावेश हुनुपर्ने ।
- धार्मिक, जातिय सम्प्रादायिक विभेद भल्किने तथा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डतामाप्रतिकुल असर गर्ने संकेत प्रयोग गर्न पाईने छैन ।साथै मित्र राष्ट्र र अन्य राष्ट्रहरुको सम्वन्धमा खलल नपर्ने हुनु पर्ने छ ।
- गाउँपालिकाको समग्र मौलिक पहिचान समेटिने हुनुपर्ने छ ।
- अन्य निकाय संग मिल्दोजुल्दो नहुने गरि डिजाइन गरिएको लोगो रँगिन प्रिन्ट (A4 साइजको कागजमा कम्तिमा ३०० dpi resolution भएको JPEG Format मा) र सोको स्पष्ट कपि कार्यालयको email मा उपलब्ध गराउनुपर्नेछ ।
- लोगो आकर्षक रङ्ग रौगनले सुसज्जित हुनु पर्ने छ ।
- प्रस्तावित लोगोको डिजाईन तोकिएको म्याद भित्र कार्यालयमा स्वंम उपस्थित भई हार्ड कपि र ई-कपि गाउँपालिकामा पेश गर्नुपर्दछ ।
- पेश भई स्वीकृत भएको डिजाईनमा छनौट समितिवाट लोगोमा सुझाव आएमा सामान्य परिमार्जित डिजाईन स्वीकृत गर्न सक्नेछ । लोगी स्वीकृत सम्बन्धी सम्पूर्ण अधिकार गाउँपालिकामामा निहित रहनेछ । साथै डिजाइनकर्ताले अन्यन्त्र प्रयोग गर्न पाउने छैन ।
- लोगो पेश गर्दा डिजाईनकर्ताले अनिवार्य रुपमा नेपाली नागरिकता (सक्कल बमोजिम नक्कल ठिक छ भनि हस्ताक्षर सहित) प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्दछ ।
- स्वीकृत हुने डिजाईनकर्तालाई पुरस्कार स्वरुप रु.३०००० (अक्षरुपी तिस हजार रुपैया मात्र कर सहित ) र सम्मान पत्र प्रदान गरिने छ ।
- यस सम्वन्धी थप जानकारीका लागि सूचना अधिकारीको सम्पर्क नं ९८५४०४२७७३ वा सामाजिक विकास शाखा प्रमुख ९८४०७४६७९९ मा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**




प्रभात समाचार राष्ट्रिय दैनिकका लागि प्रकाशक / प्रधान सम्पादक द्वारिका काफ्ले, प्रवन्ध निर्देशक विमला पाण्डे, कार्यकारी सम्पादक विदुर पौडेल, कार्यालय कमलामाई न.पा.-५, मधुटार सिन्धुली
मुद्रण : लालिगुराँस अफसेट प्रेस सिन्धुली, सम्पादक सञ्जयकुमार दाहाल, फोन : ०४७-५२०३९० Email : pravatsamachar2068@gmil.com, website : www.pravatsamachar.com, www.esajhanepal.com